# मिति २०८२।१०।१७ गते कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १, मिति २०८२।०९।१६ गते कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं. २, चौकुने गाउँपालिका गाउँ कार्यपालिका कार्यालय, वडा कार्यालय स्वास्थ्य संस्था लगायत मातहतका निकायमा कार्यरत करार कर्मचारीहरुको २०८३ असार मसान्त सम्म सेवा करार म्याद थप गर्ने निर्णय गरीयो।

निर्णय नं. ३, चौकुने गाउँपलिका वडा न १ देखी १० सम्मका सम्पूर्ण सामुदायिक वन समितिका पदाधिकारीहरुलाई वन व्यवस्थापन अभिमुखीकरण तालिम कार्यक्रम सामुदायिक वन उपभोक्ता समिति महासंघ, सुर्खेत मार्फत सञ्चालन गर्ने निर्णय गरीयो ।

निर्णय नं.४, आ व २०८२/०८३ ब. ख . शि. न. ९५ दलित समुदायको शैक्षिक सामाजिक तथा आर्थिक अवस्था सुधारका लागि पुर्वाधार निर्माण शिर्षकमा रु.२०००००।- बिनियोजन भएकोमा चौकुने गाउँपालका वडा ८ स्थित कोलगाड गाउँमा खानेपानी तथा सरसफाई तथा अन्य पुर्वाधार निर्माण गर्ने निणय गरियो ।

निर्णय नं.५, संघीय समपुरक अनुदान सम्बनधी कार्यविधि २०८१ को दफा ४ र संघीय विशेष अनुदान सम्बन्धी कार्यविधि २०८१ को दफा ४ बमोजिम आ.ब. २०८३ ०८४ का लागि योजना तथा कार्यक्रम छनोट गरी पठाउने निर्णय गरीयो ।

निर्णय नं. ६, कर्णाली प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि २०८१ को दफा ४ र कर्णाली प्रदेश बिशेष अनुदान सम्बन्धी कार्यविधि २०८१ दफा ४ बमोजिम आ ब २०८३ /०८४ का लागि देहाय बमोजिम योजना तथा कार्यक्रम छनौट गरी पठाउन आवश्यक कागजात तयारीका लागि सम्बन्धीत शाखालाई निर्देशन दिने निर्णय गरीयो ।

निर्णय नं. ७, मदन भण्डारी राजमार्ग आयोजनाको बल्दे-लगाम सडक खण्ड अन्तरगत साविक सिमलीखेत-रुकमुकीडाँडा-सोती खण्डलाई सिमलीखेत-हल्दुखेत-सोती भएर सडक निर्माण गर्नको लागि सम्बन्धित आयोजना कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ८, चौकुने गाउँपालिका र सुशासन प्रवर्दनका लागि युवा(YGGP)बिच चौकुने गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण कार्यक्रम अन्तरगत प्रत्येक घरधुरीमा घर नं. सहितको क्यूआर कोड छपाई गरी टाँस गर्ने निर्णय गरियो ।

निर्णय नं. ११, यस चौकुने गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय, सडक बिचमा परेका जोखिमयुक्त रुखको लगत संकलन गरी रुखहरु हटाउनका लागि जिल्ला विपद् समितिलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. १२, प्रस्ताव नं. १२ माथि छलफल गर्दा आर्थिक सहायताको लागि विभिन्न मितिमा प्राप्त भएका निवेदन उपर छलफल गरी आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner